# विज्ञान विषयमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.)
दोश्रो वर्षको आंशिक आवश्यकता
पुरा गर्नका लागि प्रस्तुत

## शोधपत्र

शोधकर्ता :
दुर्गा प्रसाद दवाडी
क्याम्पस क्रमाङ्क : ११३/०६७
परीक्षा रोल नं. : २४००००७/०६९
त्रि.वि.वि दर्ता नं. : ५-१-१९-३४-९६

शिक्षा योजना तथा व्यवस्थापन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७३

विज्ञान विषयमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन, दुर्गा प्रसाद दवाडी , २०७३

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
Estd. 2045 (1988)
*(Affiliated to T.U. and NEB, Nepal)*
भरतपुर, चितवन नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No.
च.नं./Ref. No.

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता दुर्गा प्रसाद दवाडीले **विज्ञान विषय शिक्षणमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.................................

उप. प्रा. कुवेरनाथ शर्मा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०७३-१२-१

(१४ मार्च, २०१७)

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी पदम बहादुर खड्काद्वारा तयार पारिएको **"सामुदायिक विद्यालयमा प्रयोगशाला व्यवस्थापन"** विषयको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

1. उप. प्रा.
कुवेरनाथ शर्मा विभागीय प्रमुख .........................

2. उप. प्रा.
देनप्रसाद लामिछाने शोध निर्देशक ..........................

३ प्रा. ............................. वाह्य परीक्षक ............................

मिति : .........................

# कृतज्ञता ज्ञापन

Tel. : 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यभार पूरा गर्नका लागि **विज्ञान विषय शिक्षणमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रमाम शोधकार्यको शुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य सहयोग तथा सुझाव प्रदान गरेर अतुलनीय सहयोग प्रदान गर्नुहुने यसै गरी सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख तथा शोध निर्देशिक आदरणीय गुरु कुवेरनाथ शर्माप्रति आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु देनप्रसाद लामिछानेज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक तथ्यांक संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापक , विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक संघका अध्यक्षहरु, शिक्षकहरु, विद्यार्थीहरु तथा सम्पूर्ण सहभागीहरु प्रति कृतज्ञ छु । साथै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा व्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशन परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

दुर्गा प्रसाद दवाडी

## शोध सार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्.एड्. दोस्रो वर्षको आवश्यकता पूरा गर्नका लागि **विज्ञान विषयमा प्रयोगात्मक शिक्षणको व्यवस्थापन** नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रलाई  विद्यालयमा विज्ञान विषयमा प्रयोगात्मक शिक्षणको व्ययवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु, प्रयोगात्मक शिक्षणको व्यवस्थपनले सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्नु, प्रयोगात्मक शिक्षणको व्यवस्थपनमा देखिएका समस्याहरुको पहिचान गरी न्यूनीकरणका उपायहरु सुझाउनु जस्ता उद्देश्यहमा केन्द्रित गरिएको छ ।

अनुसन्धान कार्यलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गर्नका लागि आवश्यक जनसंख्याको अपरिहार्यता रहन्छ । अध्ययन अनुसन्धानका विविध सीमितताले गर्दा प्रस्तुत क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययनको जनसंख्या छनोट गरिएको छ । यस अध्ययनको अनुसन्धानको जनसंख्याका रुपमा छनोटमा परेका ४ वटा विद्यालयहरु मध्ये प्रधानाध्यापक १ जनाका दरले ४ जना, प्रत्येक विद्यालयका विज्ञान शिक्षक १ जनाका दरले ४ जना, शिक्षक अभिभावक संघको अध्यक्ष १ जनाका दरले ४ जना , विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जनाका दरले ४ जना , स्रोत व्यक्ति १ जना, कक्षा ६, ७, ८, ९ र १० बाट २।२ जना विद्यार्थी पर्ने गरी विद्यार्थी प्रतिनिधि १०/१० जनाका दरले ४० जना गरी जम्मा ५७ जनालाई यस अध्ययन अनुसन्धानको जनसंख्याका रुपमा लिइएको छ । टायलरको बैज्ञानिक सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्र गुणात्मक ढाँचाको रहेको छ । तथ्यांक संकलनका क्रममा प्राथमिक तथा द्वतीय स्रोतलाई आधार बनाइएको छ ।

कुनै पनि कुराको व्यवहारिक ज्ञान भएमा मात्र सो ज्ञान दिर्घकालीन हुन सक्दछ । विद्यालमा प्रयोगात्मक शिक्षणको व्यवस्थापनको अवस्थालाई हेर्दा उचित ढंगबाट व्यवस्थापन हुन नसकेकै कारण विद्यार्थीहरुले प्रयोगात्मक ढंगबाट सिक्न नसकेको, बढी सैद्धान्तिक कुरामा जोड दिँदा सिकाइ प्रभावकारी हुन नसकेको तथ्य अध्ययनका क्रममा

जनकारी प्राप्त भएको छ । अध्ययन गरिएका विद्यालयहरुमा विज्ञान  सामग्रीको भण्डारण व्यवस्थित नभएकोले त्यसलाई व्यवस्थित गर्न पृथकिकरण गर्नुका साथै विज्ञान सामग्रीको गुणस्तर नविग्रने गरी राख्ने ज्ञान तथा सीपको जानकारी गराउनु पर्दछ । शैक्षिक सामग्री निर्माण गर्दा विद्यार्थीको स्तर, रुचि, क्षमता, समयसापेक्ष विषयवस्तुहरु प्रकृतिअनुसार बनाउन कस्ता कस्ता विज्ञान सामग्री विद्यालयले उपलब्ध गराउन सक्छ त्यस अनुसारका विज्ञान सामग्री निर्माण गरी प्रभावकारी ढंगबाट प्रयोगशाला निर्माण गरेर अध्यापन गर्न सकेका खण्डमा विज्ञान विषय शिक्षणमा प्रयोगात्मक शिक्षणलाई थप प्रभावकारी ढंगबाट व्यवस्थापन गर्नका लागि सहयोग पुग्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृती पत्र**

**कृतज्ञता ज्ञापन**

**शोधसार**

**विषय सूची**

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | 1 |
| १.२ समस्याको कथन | 5 |
| १.३ अध्ययनको औचित्य | 6 |
| १.४ अध्ययनको उद्देश्य | 8 |
| १.५ अनुसन्धान प्रश्नहरु | 9 |
| १.६ अध्ययनका परिसिमाहरु | 9 |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको सम्बन्धित साहित्यको पुनरावलोकन | 11 |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | 18 |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | 21 |

**परिच्छेद तीनः अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | 23 |
| ३.२ जनसंख्या र नमुना छनौट | 23 |
| ३.३ अध्ययनका साधन | 23 |

३.४ तथ्याङ्कका स्रोतहरू 25

३.५ तथ्याङ्क सङ्कलन विधि 26

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 26

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ विद्यालयमा विज्ञान विषयमा प्रयोगात्मक शिक्षणको व्यवसथापनको वर्तमान अवस्था 27

४.२ प्रयोगात्मक शिक्षणको व्यवस्थापनले सिकाइमा पारेको प्रभाव 32

४.३ विज्ञान विषयको शिक्षण गर्दा प्रयोगात्मक शिक्षणको व्यवस्थापनमा देखिएका समस्इाहरु निराकरणका उपायहरु 35

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू**

५.१ निष्कर्ष 42

५.२ सुझावहरु 41

५.२.१ नीति निर्माण तह ४६

५.२.२ कार्यान्वयन तह ४७

५.२.३ अनुसन्धान तह ४७

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**